## श्री सर्वोच्च अदालतमा चढाएको

## निवेदन पत्र

विषयः नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषण, परमादेश लगायत जो जे चाहिने उपयुक्त आदेश जारी गरी पाउँ

कोशी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री केदार कार्की को वारेस जगन्नाथ जोशीको नातिनी सुरेश जोशीको छोरी जिल्ला कंचनपुर भिमदत्त नगरपालिका वडा नं १५ भई हाल काठमाडौ जिल्ला काठमाडौ नगरपालिका वडा नं ३ बस्ने बर्ष २३ की अधिवक्ता सुप्रेक्षा जोशी (फोन नं ९८६५७२२९३३)......................................................१ निवेदक

विरुद्धः

प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश...........................................................................१
माननीय कोशी प्रदेश प्रमुख परशुराम खापुङ्ग....................................................................१
कोशी प्रदेश सभाका सभामुख माननीय अम्बरबहादुर विष्ट.................................. .... .... .... ............१
संकल्प प्रस्तावका प्रस्तावक माननीय रेवतीरमण भण्डारी.............................. .... .... .... .... .... ........१
संकल्प प्रस्तावका समर्थक माननीय गणेश प्रसाद उप्रेती........................... .... .... .... .... .................१
संकल्प प्रस्तावका समर्थक माननीय किशोर चन्द्र दुलाल.............................. .... .... .... .... ..............१
कोशी प्रदेश, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को प्रदेश संसदीय दलका नेता माननीय हिक्मत कुमार कार्की.. ........१

प्रत्यर्थी

**मुद्दाः उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा समेत ।**

उपरोक्त सम्बन्धमा नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम विवाद समावेश भएको कानूनी सवाल निरोपणको लागि निवेदन बापतको दस्तुर यसैसाथ संलग्न राखी निम्नलिखित व्यहोराको निवेदन गर्दछु।

### १) निवेदनको तथ्य:

क) नेपालको संविधानको धारा १६८ अन्तर्गतको उपधाराहरुमा प्रदेश मन्त्रिपरिषदको गठन सम्बन्धमा गरिएको व्यवस्थाहरु मध्ये ऐ. को उपधारा (१), (२), (३) को व्यवस्थाहरु मार्फत सरकार बनाउन नसकिएको अवस्थामा मध्यावधि निर्वाचनमा जानुपुर्वको अन्तिम विकल्पको रुपमा रहेको ऐ. को धारा १६८ (५) बमोजिम मिती २०८०/०६/२५ गतेका दिन ४७ जना सभासदहरुको समर्थन पश्चात मुख्यमन्त्रीको पदमा मेरो नियुक्ती भएको हो । नियुक्ती पश्चात मिती २०८०/०७/०१ गतेका दिन कोशी प्रदेश सभाका ८६ जना माननीय सभासदज्यूबाट मलाई विश्वासको मत प्राप्त भएको थियो । विश्वासको मत प्राप्त गरे पश्चात संविधान, प्रचलित संघीय र प्रदेश कानून बमोजिम देश र प्रदेशको हितको निमित्त लोकप्रिय एवं समग्र विकासको निमित्त आवश्यक कार्य गर्दै आएको छु ।

ख) लगभग प्रदेशसभाका अधिकांश सभासद्ज्यूहरुबाट विश्वासको मत प्राप्त गरी निर्माण भएको मेरो नेतृत्वको सरकारलाई बिना कुनै संवैधानीक एवं कानूनी आधार प्रत्यर्थीहरुले चरणबद्ध ढंगबाट राजनैतिक दाउपेचँको प्रयोगको रुपमा बिपक्षी मध्येका माननीय रेवतीरमण भण्डारी समेतले सरकार परिवर्तन गर्ने संवैधानिक एवं कानूनी आधारको अनुपस्थितिमा प्रदेश सभामा संकल्प प्रस्ताव नाम दिई एक प्रस्ताव दर्ता गरी सो प्रस्ताव उपर २०८१/०१/०७ गतेका दिन बहुमत सदस्यले पारित गरेको भनी मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने भनी प्रदेश प्रमुखलाई जानकारी गराएको रहेछ । उल्लेखित “संकल्प प्रस्ताव”मा मिति २०८१/०१/२५ गतेका दिन सम्म विश्वासको मत नलिए अर्को बैकल्पिक सरकार गठन गरी बिपक्षी मध्येका माननीय हिक्मत बहादुर कार्कीलाई मुख्यमन्त्री नियुक्त गरी पाऊ भन्ने व्यहोरा रहेछ । उक्त संकल्प प्रस्ताव र “संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको तीस दिनभित्र प्रदेश सभाबाट मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्ने सम्बन्धी कुनै प्रस्ताव प्रदेश सभा सचिवालयमा दर्ता हुन नआएको जानकारी प्राप्त भएको” भन्ने व्यहोरा उल्लेख गरी बिपक्षी मध्येका माननिय प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ (५) बमोजिम कोशी प्रदेशको मुख्यमन्त्री नियुक्तीको निमित्त दाबी पेश गर्न मिति २०८१।०१।२६ मा आव्हान गर्नु भएको रहेछ । सो आव्हानको आधारमा दाबी पेश गरेको भनि मिति २०८१।०१।२७ मा बिपक्षी मध्येका मा हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्री नियुक्त गरिएको सूचना प्रषित गरिएको रहेछ ।

ग) यसरी संविधानको प्रष्ट व्यवस्था बमोजिम नियुक्त भएको मुख्यमन्त्री पदमुक्त भएको भन्ने सम्मको व्यहोरा समेत उल्लेख गर्न नसकी तथा संविधानको कुनै खास व्यवस्था पनि उल्लेख नगरी आत्मगत ढंगबाट “संवैधानिक व्यवस्था बमोजिम समर्थन फिर्ता लिएको” भन्ने आधारहिन र संविधानले परिकल्पना पनि नगरेको विषयलाई कपटपूर्ण तवरबाट उल्लेख गरी नयाँ मुख्यमन्त्रीको नियुक्तीको निमित्त दाबी पेश गर्न भएको आव्हान र उक्त आव्हान बमोजिम भएको भनिएको नियुक्ति प्रथम दृष्टीमै गैर-संवैधानिक छ । बहालमा रहेको सरकारको संविधान बमोजिम बहिर्गमन नभई नयाँ सरकार गठनको लागि माननीय प्रदेश प्रमुखज्युबाट भएको आह्वान असंवैधानिक छ । संसदिय व्यवस्थामा संसदले मात्र सरकारको गठन र अन्त्य गर्न सक्ने हुन्छ । प्रदेश प्रमुखले मिति २०८१।०१।२६ मा गर्नु भएको आव्हान संविधानको अतिक्रमण एवं निज प्रदेश प्रमुखलाई नभएको अधिकार र क्षेत्राधिकार प्रयोग गरी भएको स्पष्ट छ । वैधानिक तवरबाट नियुक्त मुख्यमन्त्री अपदस्त हेतु बिपक्षीहरु बिच भएको मध्यरातको गठमेलको आधारमा गरिएको आव्हान संविधानको विल्कुल प्रतिकुल छ । वास्तवमा प्रदेश प्रमुखबाट भएको उक्त आव्हान कार्यकारिणी विषय नभएको कारणबाट निज प्रदेश प्रमुखमा कार्यक्षमता एवं बाञ्छित निश्पक्षता पनि नरहेको प्रष्ट छ । अत: यही कारण पनि निज प्रदेश प्रमुख आफ्नो जिम्मेवारीमा रहन असक्षम भएको कारण निजलाई पदच्यूत गर्न उपयुक्त आदेश जारी हुनुपर्दछ । धारा १६८ (५) अन्तर्गतको सरकार कायम रहेको अवस्थामा पुन: सोही धाराको प्रयोग गरी नयाँ सरकार निर्माण हुन सक्ने व्यवस्था हुन सक्दैन । संविधान बमोजिम निर्मित प्रदेश सरकारलाई अन्य अवैधानीक र असंवैधानिक सरकारले प्रतिस्थापन गर्नुपर्ने असंगत व्यहोरा रहेको उल्लेखित “संकल्प प्रस्ताव”लाई आधार लिई प्रदेश प्रमुखबाट भएको निर्णयको कुनै संवैधानीक एवं शास्त्रिय आधार पनि छैन ।

घ) प्रदेश सभाबाट पारित भएको भनिएको कथित “संकल्प प्रस्ताव”को आधारमा प्रदेश प्रमुख माननीय परशुराम खापुङ्गबाट नयाँ सरकार बनाउने गरी गरिएको आव्हान संविधानले परिकल्पना गरेको सरकारको स्थायित्वको प्रष्ट सिद्धान्त प्रतिकुल पनि छ । संविधानको धारा १८८ (४) मा उल्लेख भएको अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्थालाई प्रयोजन हिन बनाउने गरी बिपक्षीबाट भएको निर्णय र आव्हानले प्रत्यक्ष गर्न नमिल्ने वा राख्न नमिल्ने अविश्वासको प्रस्ताव परोक्ष वा घुमाउरो तवरबाट “संकल्प प्रस्ताव"को संज्ञा दिई माननीय मुख्यमन्त्रीज्युलाई विश्वासको मत लिन निर्देशन गरिएको स्वत: प्रष्ट छ । उक्त प्रस्तावमा उल्लेख भएको धारा १८८(२) संविधानको धारा १६८(५) अन्तर्गत नियुक्त भएको मुख्यमन्त्रीको हकमा लागु हुन सक्ने पनि होइन । विश्वासको मत लिन आवश्यक भएमा मुख्यमन्त्रीले १८८(१) अन्तर्गत विश्वसको मत लिन सक्ने वस्था संविधानमा रहेकोमा उक्त व्यवस्था अन्तर्गत लिने विश्वासको मत प्रदेश सभाका सांसदको संकल्प प्रस्ताव वा चाहना अनुरुप लिनुपर्ने संविधानको मर्म र प्रावधान पनि होइन । अत: उक्त प्रस्ताव, सो प्रस्तावको आधारमा भए गरेका कार्य र निर्णय पनि समानरुपमा खारेज भागी छ । मुलत: संकल्प प्रस्तावका माध्यमबाट सरकारलाई

कुनै नितिगत विषयमा निर्देशन सम्म गर्न सकिने हुनसक्छ, सरकार परिवर्तन वा गठन गर्न सक्ने संवैधानिक मान्यता संकल्पन प्रस्तावको हुन सक्दैन । नेपालको संविधान विरुद्ध संकल्प प्रस्तावको आधारमा निर्णय हुन सक्दैन ।

ङ) त्यस अतिरिक्त बिपक्षी प्रदेश प्रमुखको निर्णय र आव्हानमा मैले विश्वासको मत नलिएको भन्ने कारण पनि उल्लेख भएको परिप्रेच्छमा मैले संविधानको कुन व्यवस्था र प्रावधानको अधिनमा रही विश्वासको मत लिन पर्ने हो समेत खुल्न नसकेकोबाट पनि प्रदेश प्रमुखको निर्णय र आव्हान संविधान अनुरुप नभई केवल राजनैतिक दाउँपेचबाट प्रेरित रहेको प्रष्ट छ ।

**२) माग गरिएको उपचारः**

(क) संविधानको धारा १६८(५) अन्तर्गत निर्मित सरकारलाई दिएको समर्थन फिर्ता हुन सक्ने व्यवस्था संविधानले पनि परिकल्पना नगरेकोमा संकल्प प्रस्तावको आधारमा विश्वासको मत नलिएको भन्ने आधार देखाई नयाँ मुख्यमन्त्रीको नियुक्तीको निमित्त दाबी पेश गर्न मिति २०८१।०१।२६ मा प्रदेश प्रमुखले गर्नु भएको आव्हान, निर्णय, पत्राचार एवं सूचना उत्प्रेषणको आदेशले बदर गरी पाउँ । (ख) सरकारको निर्माण र अन्त्यको नियमन गर्ने संवैधानिक व्यवस्थालाई निष्प्रभावी बनाउने उद्देश्यको साथ मिति २०८१।०१।०७ मा पारित भएको भनिएको संकल्प प्रस्ताव उत्प्रेषणको आदेशले बदर गरी पाउँ । (ग) संविधान बमोजिम पदमुक्त हुने कुनै पनि व्यवस्था मेरो हकमा लागु हुने अवस्था नरहेको कारणबाट मुख्यमन्त्रीको रुपमा मेरो नियुक्ती निरन्तर रहेको भनी सोही अनुरुपको कार्य गर्नु गराउनु भनि बिपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाउँ ।(घ) असंवैधानिक निर्णय र आव्हानको आधारमा मुख्यमन्त्रीमा नियुक्त गरिएको भनिएका माननीय हिक्मत कुमार कार्कीको नियुक्ती बदर गर्न उत्प्रेषणको आदेश जारी गरी पाउँ । (ङ) संविधान बमोजिम सुचारु ढंगबाट सरकार सञ्चालनमा कुनै पनि रोकतोक नगर्न तथा मुख्यमन्त्रीमा मेरो नियुक्ती यथावत राख्न आवश्यक आज्ञा आदेश जारी गरी पाउँ ।यस प्रकारको निवेदन समानान्तर रुपमा अन्यत्र दर्ता गरिएको छैन ।

**माग गरिएको अन्तरिम आदेश:** माथि वर्णनन् गरिएका संवैधानिक व्यवस्थाको आधारमा म निवेदकलाई पुग्न सक्ने अपुरणिय क्षति, संविधानको निरन्तर उल्लङ्घन एवं सुविधा सन्तुलनको दृष्टीकोणबाट यस विवादको अन्तिम निरोपण नभए सम्मको लागी बिपक्षी प्रदेश प्रमुखले जारी गर्नु भएको मिति २०८१।०१।२६ को आव्हान, सुचना, निर्णय एवं पत्राचार कार्यान्वयन नगर्न नगराउन एवं उक्त असंवैधानिक आव्हानको आधारमा दाबी पेश गरेको भनी मुख्यमन्त्रीमा नियुक्त गरिएको भनिएका माननिय हिक्मत कुमार कार्कीलाई मुख्यमन्त्रीको जिम्मेवारीमा कुनै काम कारवाही नगर्न नगराउन तथा मलाई यथावतरुपमा आफ्नो जिम्मेवारी वहन गर्न कुनै पनि प्रकारको व्यवधान नगर्न नगराउन सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाँऊ ।

३) नेपालको संविधानको धारा १३३ (२)(३) बमोजिम यो रिट निवेदन यसै अदालतको अधिकार क्षेत्र भित्र पर्दछ ।

४) हाल कानुन व्यवसायी मुकरर गरेको छैन पछि नियुक्त हुने कानुन व्यवसायीको बहस बुँदालाई यसै निवेदनपत्रको अभिन्न अंग मानी पाउँ । मुद्दाको गम्भीरतालाई मध्यनजर गरी निवेदन दर्ता गरेकै दिन प्रारम्भिक पेशी तोकेर रिट निवेदनको सुनुवाई गरी पाउँ ।

**५) संलग्न कागजातः**

क) निवेदकको नागरिकताको प्रमाणपत्रको फोटोकपी -------------------------------------------------१

ख) मिति २०८१/०१/२६ गतेका दिन कोशी प्रदेश प्रमुखबाट सरकार गठन प्रयोजनले जारि गरिएको सूचना --------१

ग) मिति २०८१।०१।०७ को संकल्प प्रस्ताव----------------------------------------------------------१

६) यसमा लेखिएको व्यहोरा ठीक साँचो छ झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदक

वारेस अधिवक्ता सुप्रेक्षा जोशी

ईति सम्वत २०८१ साल बैशाख महिना २७ गते रोज ५ शुभम्... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ।